# महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
## Mahuli Samudayik Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त वित्तीय संस्था)

रजिष्टर्ड कार्यालय, बकधुवा-९, महेन्द्र राजमार्ग, महुली बजार
फोन नं.०३१-४११००५/६, फ्याक्स नं. ०३१-४११००८

**को**

# नगद लाभाँश वितरण सम्बन्धी सूचना

श्री महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लि.को मिति: २०७४/०८/०९ गते सम्पन्न ५औं बार्षिक साधारण सभाबाट १०% नगद लाभाँश (नियमानुसार बोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने निर्णय भए बमोजिम कर पश्चात हुने नगद लाभाँश IPS मार्फत सम्बन्धित शेयरधनीको हितग्राही खातामा उल्लेख भएको बैंक खातामा जम्मा गर्न व्यवस्था गरिएकोले सम्पूर्ण शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम नगद लाभाँश बापतको रकम शेयरधनी महानुभावहरुको बैंक खातामा नै रकमान्तर गरिने हुँदा आफ्नो हितग्राहि खातामा बैंक खाता नं. अद्यावधिक गराएका शेयरधनीहरुको बैंक खातामा मिति: २०७४/०९/२६ गते बुधबार देखि नगद लाभाँश जम्मा गर्न शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं ।

क) हितग्राही खातामा बैंकको खाता अध्यावधिक नगरेका शेयरधनीहरुको हकमा आफूले हितग्राही खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा सम्पर्क गरि नेपाल क्लियरिङ्ग हाउसको IPS सदस्यता प्राप्त कुनैपनि बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो बैंक खाता सम्बन्धी विवरण अद्यावधिक गराउनुहुन ।

ख) बैंक खाता नं.रुजु नभएका, खाता रहेको बैंक नाम परिवर्तन भएका, नाम रुजु नभएका तथा अन्य विविध कारणले लाभाँश रकम रकमान्तर हुन नसकेको शेयरधनीहरुको हकमा हितग्राही खातामा बैंकको खाता अध्यावधिक भए पश्चात क्रमानुसार बैंक खातामा नगद लाभाँश IPS मार्फत जम्मा गर्ने व्यवस्था मिलाईने छ ।

ग) बैंक खातामा नगद लाभाँश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसारको कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नु पर्नेछ ।

साथै, उक्त कम्पनीको शेयर मिति २०७४/०७/२५ गते सम्ममा धितो बन्धक राखी कर्जा लिएका शेयरधनीहरुको नगद लाभाँश सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट NO Objection Letter प्राप्त भए पश्चात मात्र बैंक खातामा जम्मा गरिने र सो मिति पश्चात कर्जा चुक्ता भुक्तानी गर्नुभएका शेयरधनीको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात मात्र बैंक खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गर्दछौं ।

**नोट:** लाभाँश रकम रकमान्तर हुन नसकेको शेयरधनीहरुलाई निवेदनको आधारमा एकाउन्टपेयी चेक मार्फत लाभांश भुक्तानी दिइने जानकारी गराईन्छ ।

**शेयर रजिष्ट्रार**

**सन्राइज क्यापिटल लिमिटेड**
**SUNRISE CAPITAL LTD.**
(सन्राइज बैंक लिमिटेडको सहायक कम्पनी)

पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं. ०१-४४२८५५०, फ्याक्स नं. ०१-४४२८६८८
वेवसाइट: www.sunrisecapital.com.np
(साविक एन.सि.एम.मर्चेन्ट बैंकिङ्ग लिमिटेड)